# जिल्ला समन्वय समितिको पदाधिकारी निर्वाचन सम्बन्धी निर्देशिका

केन्द्रिय कार्यकारिणी समिति
जनमत पार्टी
जारी: २०७८ वैशाख १९ गते

१. जनमत पार्टीको विधान २०७५ (संशोधित)को परिच्छेद ११ धारा २८ मा जिल्ला समन्वय समिति बारे तपसिल बमोजिम व्यवस्था रहेको छ:

धारा २८: जिल्ला समन्वय समिति

(क)प्रत्येक जिल्लामा एक जिल्ला समन्वय समिति रहने छ । जिल्ला स्तरमा पार्टीको कार्यालय राखेर यस समितिले कार्य गर्नेछ।

(ख)यस समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष लगायतका पदाधिकारीहरू सहितका सदस्यहरूको सङ्ख्या तोकिए बमोजिम हुनेछ ।

(ग) समितिमा सम्बन्धित जिल्लाका निर्वाचन क्षेत्र, गाउँपालिका/नगरपालिका र वडाका अध्यक्षहरू पदेन सदस्यहरु हुनेछन्। त्यसका अतिरिक्त जिल्ला समन्वय समितिका सदस्यहरूले केन्द्रिय कार्यकारिणी समितिको अनुमोदनमा निर्धारित संख्यामा सदस्यहरू मनोनित गर्न सक्नेछन्।

(घ) यस समितिका पदाधिकारीहरुको चयन समितिका सदस्यहरुबाट हुनेछ ।

(ङ)यस समितिले पार्टीको कार्यलाई आ-आफ्नो जिल्लामा विस्तार र सुदृढीकरण गर्नेछ तथा जिल्ला मातहतका समितिहरुको कार्यबीच समन्वय स्थापित गर्नेछ। यस समितिको अन्य काम, कर्त्तव्य र अधिकार तोकेबमोजिम हुनेछ।

२. जिल्ला समन्वय समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष पदको लागि निर्वाचन हुनेछ। पदाधिकारीहरुको चयन समितिका सदस्यहरु मध्येबाट हुनेछ।

३. विधानको धारा २८(ग) अनुसार जिल्ला समन्वय समितिमा सम्बन्धित जिल्लाका निर्वाचन क्षेत्र, गाउँपालिका/नगरपालिका र वडाका अध्यक्षहरू पदेन सदस्यहरु हुनेछन्। त्यसका अतिरिक्त जिल्ला समन्वय समितिका सदस्यहरूले केन्द्रिय कार्यकारिणी समितिको अनुमोदनमा निर्धारित संख्यामा सदस्यहरू मनोनित गर्न सक्नेछन्।

४. **मनोनयनको लागि सिफारिश**: हरेक वडा/गाउँपालिका/नगरपालिका/निर्वाचन क्षेत्रमा अधिवेदशन सम्पन्न नभएको हुँदा तपसिल बमोजिम मनोनयनका लागि सिफारिश जिल्लाका इन्चार्ज/सहइन्चार्ज र केन्द्रिय सदस्यहरूले मिलेर गर्नेछ। स्मरण रहोस्, सो नामावली सिफारिश मात्रै हुनेछ, अन्तिम निर्णय केन्द्रिय कार्यकारिणी समितिको हुनेछ। हरेक जिल्लाबाट मनोनयनको लागि सिफारिश सूची पठाउँदा तपसिल प्राथमिकताका आधारमा पूरा विवरण सहित तोकिएको मिति भित्रमा पठाउनु पर्नेछ।

(क) जिल्लामा अधिवेशन **नभएको** वडा/गाउँपालिका/नगरपालिका/निर्वाचन क्षेत्रको तदर्थ समितिको प्रमुख वा इन्चार्ज

(ख) सम्पूर्ण मोर्चाका जिल्ला प्रमुखहरू; सम्बन्धित जिल्लाका वरिष्ठ नेतृत्व मण्डल, मधेश नेतृत्व पुञ्ज र केन्द्रिय समितिका सदस्यहरू, जिल्ला इन्चार्ज/सहइन्चार्जहरू

(ग) जिल्ला स्तरमा कार्य गरेका तथा योगदान दिएका सक्रिय नेतृत्वहरू बढ़ीमा ३० जना

(घ) महिलाको संख्या १/३ सुनिश्चित् गर्न गाउँपालिका/नगरपालिकाको निर्वाचित/तदर्थ समितिका महिला पदाधिकारीहरू तथा महिला वडाअध्यक्षहरू मध्येबाट प्राथमिकताको आधारमा सूची

सिफारिशको आधारमा केन्द्रिय कार्यकारिणी समितिले अन्तिम सूची निर्धारित गर्नेछ तथा आवश्यकता अनुसार हरेक जिल्लामा थप मनोनयन गर्न सक्नेछ।

मनोनित गर्न सिफारिशको लागि पठाउने पदाधिकारीको नाम:....................................................

| क्र.स. | नाम | मोबाइल नं. (एउटा मात्र) | जिल्ला | पालिका | वडा नं. | हाल कार्यरत समिति | हालको पद | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

५. निर्वाचन संचालन केन्द्रिय निर्वाचन समितिले गर्नेछ। यसको संयोजकमा श्री संजय कुमार सिंह रहेको छ।

श्री संजय कुमार सिंह
संयोजक, केन्द्रीय निर्वाचन समिति
मोबाइल नं.: 9841320203

६. हरेक जिल्लामा निर्वाचन संचालन गर्न केन्द्रिय निर्वाचन समितिले फरक जिल्लाको प्रमुख निर्वाचन अधिकारी तोक्न सक्नेछ।

७. मतदान सम्बन्धी व्यवस्था:

कोविड-१९को महामारी फैलिराखेको अवस्थामा हरेक ठाउँमा भौतिक रूपमा मतदान गर्न सम्भव हुन नसक्ने भएकोले जिल्लाको अवस्था हेरी केन्द्रिय निर्वाचन समितिले मतदान सम्बन्धी व्यवस्था गर्नेछ र आवश्यक निर्देश दिनेछ।

(क) भौतिक रूपमा मतदान भएमा मतदान गर्न आउँदा समन्वय समितिका पदेन तथा मनोनित सदस्यहरूले आफ्नो फोटो सहित पहिचान खुलेको कुनै परिचय पत्र (नागरिकता प्रमाणपत्र, वा ड्राइभिंग लाइसेन्स वा मतदाता परिचयपत्र) लिएर आउनु पर्नेछ।
(ख) E-voting बाट मतदान भएमा हरेक मतदातालाई मतदाताको मोबाइलमा मतदान गर्ने वेब एड्रेस र पिन कोड पठाइनेछ। मतदाताले सो पिनकोड प्रयोग गरी आफ्नो जिल्लाको लागि मतदान तोकेको तेस्रो पक्षको वेब साइटमा गएर गर्न सक्नेछ।

८. जिल्ला समन्वय समितिको पदाधिकारी  निर्वाचन २०७८ सम्बन्धी समयतालिका तपसिल बमोजिम हुनेछ।

| | |
|---|---|
| २०७८ जेठ १५ गते: | सम्पूर्ण पालिका/वडा अधिवेशनका विवरण र मनोनयनको **सिफारिश** सूची आइपुग्नु पर्ने (कोविड-१९को कारणले अवस्था असामान्य भएकोले सुरक्षित तरीकाले जति अधिवेशन गर्न सकिन्छ, तत्काल् त्यति मात्रै गर्ने) |
| २०७८ जेठ २० गते: | मतदाता नामावली प्रकाशन (मनोनयन सहित) |
| २०७८ जेठ २१ गते: | मतदाता दाबीविरोध  (विहान १० बजेदेखि ५ बजेसम्म) |
| २०७८ जेठ २२ गते: | अन्तिम मतदाता नामावली प्रकाशन |
| २०७७ जेठ २३-२४: | मनोनयन पत्र दर्ता (सकेसम्म पदाधिकारी चयनका लागि **सर्वसम्मति** खोजिने, नभए मात्रै मनोनयन दर्ता गर्ने) |
| २०७८ जेठ २५ गते: | उम्मेदबार नामावली प्रकाशन |
| २०७८ जेठ २६ गते: | उम्मेदबार उपर दाबीविरोध<br>(विहान १०:०० बजेदेखि सांझ ५:०० बजेसम्म) |
| २०७८ जेठ २७ गते: | उम्मेदबारले नाम फिर्ता लिने<br>(विहान १०:०० बजेदेखि सांझ ५:०० बजेसम्म) |
| २०७८ जेठ २८ गते: | उम्मेदबारको अन्तिम नामावली प्रकाशन |
| २०७८ जेठ ३० गते: | निर्वाचन: कोविड्-१९ ले स्थिति असामान्य भएर जिल्ला समन्वय समितिको पूर्ण बैठक बस्न उपयुक्त नदेखिएमा  इलेक्ट्रोनिक भोटिंग (e-voting) को व्यवस्था गरिनेछ |

उम्मेदबारको फोटो टाँस्नुहोला

श्री प्रमुख ज्यू
केन्द्रिय निर्वाचन समिति
जनमत पार्टी

विषय: मनोनयन पत्र

महोदय,

जनमत पार्टीको जिल्ला समन्वय समितिको पदाधिकारी निर्वाचन २०७८मा निम्न पदको उम्मेदबारी दिएको छु।

**उम्मेदबारी दिएको पदः** .........(जिल्लाको नाम)..............................जिल्ला समन्वय समितिको
☐ अध्यक्ष ☐ उपाध्यक्ष ☐ सचिव ☐ सहसचिव ☐ कोषाध्यक्ष

उम्मेदबारको नाम:.......................................................................... मोबाइल नं..................................................
जनमत पार्टी सदस्यता नं..................................................................सदस्यता लिएको मिति:.............................
प्रदेश.........................................................................................................जिल्ला.........................................................
गाउँपालिका/नगरपालिका:.........................................................................वडा नं...........................................................
हालको समिति: जिल्ला/निर्वाचन क्षेत्र/पालिका/वडा/अन्य................................हालको पद............................
लिङ्ग........................उमेर...........................शिक्षा...........................पेशा..................................................................
संक्षिप्त राजनैतिक परिचय तथा योगदान

..........................................................................................................................................................................................
..........................................................................................................................................................................................
..........................................................................................................................................................................................
..........................................................................................................................................................................................
..........................................................................................................................................................................................

.............................
मिति:............................................. हस्ताक्षर

कृपया निम्न कागजातहरू संलग्न गरेर मनोनयन पत्र janamatparty@gmail.com मा इमेल गर्नुहोला।

१. अध्यक्ष पदको उम्मेदबारीको लागि रू. ५००० र अन्य पदको उम्मेदबारीको लागि रू. ३००० उम्मेदबारी शुल्क पार्टीको बैंकको खातामा जम्मा गरेको वा जिल्ला इन्चार्जलाई बुझाएको। निर्धारित समयमै शुल्क नबुझाएका फारमहरू बुझिने छैन। उम्मेदबारी रद्द भए पनि शुल्क फिर्ता गरिने छैन। जनमत पार्टीको जिल्ला समन्वय समितिको पदाधिकारी निर्वाचनको सम्बन्धित जिल्लाको मतदाता सूचीमा नाम रहेका व्यक्तिहरूले मात्रै उम्मेदबारी दिन सक्नेछ।

   बैंकमा बुझाएको भए रसिद संलग्न गर्ने। इन्चार्जलाई बुझाएको भए तल इन्चार्जबाट हस्ताक्षर गराउने:
   म सो रकम पार्टीको खातामा जम्मा गर्न उम्मेदबारबाट बुझिलिएँ भनेर हस्ताक्षर गर्दछु:
   जिल्ला इन्चार्जको नाम र हस्ताक्षर:...........................................................................................
   जनमत पार्टीको बैंक खाता:- नाम: JANAMAT PARTY, A/C No: 142010 000505 5001
   CURRENT ACCOUNT NPR, राष्ट्रिय वाणिज्य बैंक, वानेश्वर, काठमाडौं, SWIFT Code: RBBANPKA

२. जनमत पार्टीको सदस्यता पत्रको प्रतिलिपी
३. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
४.राम्रो क्वालिटीको डिजिटल फोटो (JPEG/PNG फाइल)

श्री प्रमुख ज्यू
केन्द्रिय निर्वाचन समिति
जनमत पार्टी

विषय: मनोनयन फिर्ता

महोदय,

उपरोक्त सम्बन्धमा जनमत पार्टीको जिल्ला समन्वय समितिको पदाधिकारी निर्वाचन २०७८मा निम्न पदको उम्मेदबारी दिएकोमा सो उम्मेदबारी फिर्ता लिन चाहेकोले राजीखुशी सहीछाप गर्दछु।

**उम्मेदबारी दिएको पदः** .........(जिल्लाको नाम)..............................जिल्ला समन्वय समितिको

☐ अध्यक्ष ☐ उपाध्यक्ष ☐ सचिव ☐सहसचिव ☐कोषाध्यक्ष

उम्मेदबारको नामः.......................................................................... मोबाइल नं..................................................
जनमत पार्टी सदस्यता नं.................................................................सदस्यता लिएको मितिः.............................
प्रदेश..................................................................................................जिल्ला.......................................................
गाउँपालिका/नगरपालिकाः..............................................................वडा नं........................................................
हालको समिति: जिल्ला/निर्वाचन क्षेत्र/पालिका/वडा/अन्य................................हालको पद............................
लिङ्ग.........................उमेर............................शिक्षा...........................पेशा.............................................................

.............................

मितिः.............................................. हस्ताक्षर

नोट: कृपया मनोनयन फिर्ताको निवेदन janamatparty@gmail.com मा इमेल गर्नुहोला।

श्री प्रमुख ज्यू
केन्द्रिय निर्वाचन समिति
जनमत पार्टी

विषय: दाबीविरोध सम्बन्धमा

महोदय,

उपरोक्त सम्बन्धमा जनमत पार्टीको जिल्ला समन्वय समितिको पदाधिकारी निर्वाचन २०७८मा मतदाता सूची/उम्मेदबारी/अन्य सम्बन्धी मेरो निम्नअनुसारको दाबी विरोध रहेको छ।

दाबीविरोध (प्रमाण सहित)

.......................................................................................................................................................
.......................................................................................................................................................
.......................................................................................................................................................
.......................................................................................................................................................
.......................................................................................................................................................

भवदीय

.............................

मिति:..............................................

हस्ताक्षर

दाबी गर्नेको नाम:............................................................................ मोबाइल नं..................................................
जनमत पार्टी सदस्यता नं...................................................................सदस्यता लिएको मिति:.............................
प्रदेश....................................................................................................जिल्ला.........................................................
गाउँपालिका/नगरपालिका:...............................................................वडा नं.........................................................
हालको समिति: जिल्ला/निर्वाचन क्षेत्र/पालिका/वडा/अन्य................................हालको पद............................

नोट: कृपया आधिकारिक प्रमाण सहित दाबीविरोध janamatparty@gmail.com मा इमेल गर्नुहोला।